स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता हरिवंश आचार्य उत्कृष्ट अभिनेता र आना शर्मा उत्कृष्ट अभिनेत्री घोषित भएका छन्। चलचित्र समीक्षक समाज, नेपाल (फिक्सन) ले घोषणा गरेको "क्रिटिक्स फिल्म अवार्ड २०८२"मा "भूठान" फिल्मबाट हरिवंश र "रमिताको पिरति"का कारण आना छानिएका हुन्। अवार्डमा उत्कृष्ट फिल्म "ऊनको स्वीटर" भयो। प्राविधिक विश्लेषण तथा वस्तुनिष्ठ मूल्यांकनका आधारमा उत्कृष्ट स्रष्टा र फिल्म छानेको हो।

आजको विचार...



दीपकराज जोशी

पर्यटन...
(दुई पेजमा)



गायक शिव परियारले नयाँ गीत "दिल परानी" ल्याएका छन्। प्रेममा धोकाको भाव व्यक्त गर्ने गीतमा राज क्षितिजको शब्द रचना र मनोज मालेको संगीत छ। गायनमा शिवलाई गायिका अन्नु चौधरीले साथ दिएकी छन्। गीतलाई विशाल निरौलाले एरेन्ज गरेका हुन्। गीतका यी शब्दले प्रेममा विक्षिप्त भएको प्रेमीको मनोदशा व्यक्त गर्छन्। भिडियोमा यही भावलाई उतारिएको छ।

❒ वर्ष ३१ ❒ अंक ३१६ ❒ २०८३ जेठ ३१ गते आइतबार 14 June 2026, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### पाकिस्तानमा भारी वर्षा चार ४ को मृत्यु



(रासस/क्युएनए)

**इस्लामाबाद,** जेठ ३०/पाकिस्तानको उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तको बन्नू जिल्लामा भएको भारी वर्षाका कारण चार जनाको मृत्यु हुनुका साथै १६ जना घाइते भएको क्षेत्रीय अधिकारीहरूले शनिबार बताएका छन् । प्रान्तीय विपद् व्यवस्थापन प्राधिकरणले पाकिस्तानको विभिन्न क्षेत्रहरूमा आएको तीव्र हावाले धेरै घरहरूमा क्षति पुऱ्याएको बताएको छ । जसको परिणामस्वरूप स्थानिय बासिन्दाहरूको मृत्यु तथा घाइते भएका छन् । गम्भीर मौसमले पशुधनकोसमेत क्षति पनि निम्त्याएको प्राधिकरणले जनाएको छ । स्थानीय अधिकारीहरू र आपतकालीन एजेन्सीहरूले प्रभावित क्षेत्रहरूमा राहत कार्यहरू जारी राखेका छन्, भने क्षति र क्षतिको मात्र निर्धारण गर्न मूल्याङ्कन भइरहेको बताइएको छ । प्राधिकरणले बासिन्दाहरूलाई प्रतिकूल मौसमको समयमा सावधानी अपनाउन र भत्किने जोखिममा रहेका भवन तथा संरचनाहरूबाट टाढा रहन आग्रह गरेको छ ।

# पाल्पाको रैथाने धान लोपोन्मुख अवस्थामा

***उन्नत जातका धानको प्रयोग बढ्दै जाँदा यहाँ पाइने रैथाने धानका जातहरू लोपोन्मुख अवस्थामा पुग्न थालेका छन् । बढी फल्ने वर्णशङ्कर (हाइब्रिड) र उन्नत जातका धानको खेतीलाई किसानले बढावा दिन थालेपछि रैथाने जातका धान लोपोन्मुख अवस्थामा पुगेको पाइन्छ ।***

**रामचन्द्र रायमाझी**

तानसेन (पाल्पा), जेठ ३०/ आधुनिक तथा उन्नत जातका धानको प्रयोग बढ्दै जाँदा यहाँ पाइने रैथाने धानका जातहरू लोपोन्मुख अवस्थामा पुग्न थालेका छन् । बढी फल्ने वर्णशङ्कर (हाइब्रिड) र उन्नत जातका धानको खेतीलाई किसानले बढावा दिन थालेपछि रैथाने जातका धान लोपोन्मुख अवस्थामा पुगेको हो ।

रैथाने धानका जात मध्येकै स्वादिलो र सांस्कृतिक मूल्य बोकेको अनदी धान लोपोन्मुख अवस्थामा पुगेको छ । माडीफाँटाका ५८ वर्षीय किसान छवि थापा ढिकीमा कुटेको अनदी धानको च्युराको मिठो स्वाद अझै बिर्सन नसकिने बताउन्छन् । "सानो उमेरमा चुलोमा अनदीको धान भुटेर ढिकीमा कुटेर तयार गरिएको च्यूरा खाएको सम्झना अझै ताजा छ," उनले भने, "अनदीको च्युरा निकै मिठो हुन्थ्यो, स्कुल जादा खल्तीभरी त्यही च्यूरा भरेर खादै पुग्ने गर्दथ्यौं, ती दिन अब सम्झनामा मात्रै बाँकी रहे ।" अहिले अनदी धान पाउनै मुस्किल हुन थालेको उनको भनाइ छ ।



अर्गेलीका किसान शोभाखर न्यौपानेले अनदीको चामलको खीर निकै स्वादिलो हुने भएकाले पहिले(पहिले महिनामा एक पटक परिवारका सबैजना बसेर खाने गरेको सुनाए । अहिलेका धानको चामलको खीर अनदीको चामलको जस्तो नहुने गरेको उनको अनुभव छ । न्यौपानेका अनुसार अनदी धान थोरै पानीमा पनि सुख्खा क्षेत्रमा राम्रो उत्पादन दिने जात हो । उनले भने, "यो धान हामीले बीउको रूपमा जोगाउन सके, अहिलेको जलवायु परिवर्तनका चुनौतीबीच पनि खेतीका लागि उपयुक्त हुनसक्छ ।" अहिले हाइब्रिड धानका कारण बीउ नै पाउन गाह्रो भएको न्यौपानेले बताए । यहाँका विभिन्न फाँटहरुमा लगाईंदै आएका अनदीसहित थुप्रै रैथाने प्रजातिका धान हराउँदै गएका छन् । रैथाने प्रजातिका निमै, सिमटारी, राइमनुवा, अञ्जना, मन्सुली, थापाचिनी, चाइना, कालानमक, झिनुवा, कृष्णभोग,समद्रफिनी, मन्सरा, लल्का बासमती, पोखरेली मसिनोजस्ता रैथाने बास्नादार र स्वादिलो चामल अचेल सितिमिति भेटिँदैन ।

*-बाँकी अन्तिम पेजमा...*

## पानीको सदुपयोग र स्रोतको संरक्षण गरौं

-धारा खुला छोड्ने बानी त्यागौं,

-वर्षाको पानी संकलन र पुन:प्रयोग प्रणाली अपनाऔं,

-नदी, ताल, पोखरी तथा मुहानहरूमा फोहर नफालौं, घर तथा कृषि क्षेत्रमा पानी बचत गर्ने प्रविधि प्रयोग गरौं,

-प्लास्टिक तथा रासायनिक पदार्थले पानी प्रदूषण नगरौं,

-वृक्षारोपण गरी जलस्रोत संरक्षण गरौं,

-भावी पुस्ताका लागि पानी बचत गर्ने बानी बसालौं ।

पानी जीवन हो-यसको संरक्षण हाम्रो कर्तव्य हो ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# लुम्बिनी प्रदेश प्रहरीको विशेष 'अपरेसन', सुशासनका पक्षमा सहयोग

**सिद्धार्थनगर (भैरहवा),** जेठ ३०/लुम्बिनी प्रदेश प्रहरी कार्यालयले प्रदेशभर शान्तिसुरक्षा सुदृढ गर्दै चोरी, तस्करी तथा राजस्व छली नियन्त्रणलाई प्राथमिकतामा राखेर विशेष अभियान सञ्चालन गरेको जनाएको छ । खुला सीमानाकाबाट हुने अवैध आयातनिर्यात, तस्करी र आपराधिक गतिविधि नियन्त्रणका लागि रुपन्देही, कपिलवस्तु, नवलपरासी (पश्चिम), बाँके, बर्दिया र दाङलगायत सीमावर्ती जिल्लामा निगरानी तथा प्रहरी परिचालनलाई थप प्रभावकारी बनाइएको प्रहरीले जनाएको छ ।

लुम्बिनी प्रदेश प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी वरिष्ठ उपरीक्षक शारदाप्रसाद चौधरीका अनुसार सीमा क्षेत्रबाट हुने भन्सार छली, अवैध सामान ओसारपसार तथा राजस्व चुहावट नियन्त्रणका लागि लुम्बिनी प्रदेश प्रहरी कार्यालयले सञ्चालन गरेको




अभियानअन्तर्गत यही जेठ २५ गते बिहान बर्दियामा ४३ लाख ६१ हजार ८४० बराबरका अवैध सामान तथा सवारीसाधन बरामद गरिएको छ । बर्दियाको मधुवन नगरपालिका (८ सानोश्री क्षेत्रबाट भन्सार छली गरी नेपाल ल्याउँदै गरेका अवस्थामा दुई भारतीय नागरिकलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । भारतको बहराइच जिल्लाका २२ वर्षीय रिजवान अन्सारी र २० वर्षीय कलिम खानलाई नियन्त्रणमा लिइ छानबिन गर्दा प्रहरीले दुई वटा बोलेरो गाडी, एउटा पल्सर मोटरसाइकल तथा करिब चार हजार दर्जन केरा बरामद गरेको थियो ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## विश्व रक्तदाता दिवस र यसको सार्थकता

हरेक वर्ष जुन १४ मा विश्वभर विश्व रक्तदाता दिवस मनाइन्छ । यो दिवस रक्तदान गर्ने लाखौँ स्वयंसेवी दाताप्रति सम्मान व्यक्त गर्न तथा सुरक्षित र पर्याप्त रगतको आवश्यकता बारे जनचेतना फैलाउन समर्पित छ । डा.कार्ल लेण्डस्टेनरको जन्मदिन १४ जुनलाई सन २००४ बाट विश्व स्वास्थ्य संगठनले विश्व रक्तदाता दिवसको रूपमा मनाउने निर्णय गरेको थियो । रक्तदाताको महत्वपूर्ण भूमिकालाई सम्मान व्यक्त गर्दै विविध रचनात्मक कार्यक्रमहरू, रक्तदाता उत्प्रेरणा, अत्याधिक रक्तदान गर्ने रक्तदाता सम्मानलगायत विविध कार्यक्रम आजको दिन सम्पन्न गर्ने गरिन्छ । हाम्रो देशको सन्दर्भमा भने यो दिवसलाई परिणाममुखी बनाउन सकिएको छैन । जसको कारण रगत अभावका समाचार सुन्न र पढ्न बाध्य हुनुपर्छ । सक्षम जनशक्ति र गुणस्तरीय प्रविधि पर्याप्त नहुँदा रगतकै कारण अनाहकमा पीडितले आफ्नो ज्यानसमेत गुमाएको अवस्था छ । नेपालले स्वास्थ्यको क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेता पनि हालसम्म कृत्रिम रगत बनाउन सकेको छैन । यसको विकल्प भनेको स्वयंसेवी रक्तदाता नै हुन ।

आधुनिक स्वास्थ्य सेवामा रगतको विकल्प छैन । दुर्घटना, शल्यक्रिया, प्रसूति जटिलता, क्यान्सर, थालासेमिया तथा विभिन्न गम्भीर रोगका बिरामीहरूको जीवन बचाउन रगत अपरिहार्य हुन्छ । यस्तो अवस्थामा नियमित र स्वेच्छिक रक्तदान मानवताका लागि सबैभन्दा महान् सेवामध्ये एक मानिन्छ । नेपालजस्ता विकासोन्मुख देशमा अझै पनि आवश्यक मात्रामा रगत संकलन गर्न चुनौती रहेको छ। आपत्कालीन अवस्थामा मात्र रक्तदाता खोज्ने प्रवृत्ति, रक्तदान सम्बन्धी भ्रम तथा पर्याप्त जनचेतनाको अभावले रक्त आपूर्तिमा समस्या देखिने गरेको छ । यद्यपि पछिल्ला वर्षहरूमा युवा, सामाजिक संस्था र स्वयंसेवी समूहहरूको सक्रियताले रक्तदान अभियानलाई थप सशक्त बनाएको छ । यसले समाजमा सकारात्मक परिवर्तनको संकेत दिएको छ । रक्तदानले केवल प्राप्तकर्ताको जीवन बचाउँदैन, दातामा पनि सामाजिक उत्तरदायित्वको भावना विकास गर्छ । वैज्ञानिक रूपमा स्वस्थ व्यक्तिले निश्चित अन्तरालमा रक्तदान गर्दा स्वास्थ्यमा कुनै नकारात्मक असर पर्दैन । बरु नियमित स्वास्थ्य परीक्षणको अवसर प्राप्त हुने र मानवीय सेवाको सन्तुष्टि मिल्ने गर्दछ । जीवन बचाउने यो अभियानलाई केवल एक दिवसमा सीमित नराखी वर्षभरि नै निरन्तरता दिन आवश्यक छ । रक्तदान कुनै सामान्य दान होइन, यो कसैको जीवनमा नयाँ आशा र नयाँ सुरुवात दिने अमूल्य उपहार हो । त्यसैले "रक्तदान, जीवनदान" भन्ने सन्देशलाई आत्मसात् गर्दै सबै सक्षम नागरिकले नियमित रक्तदानको संस्कार विकास गर्नु आजको आवश्यकता हो । यही नै विश्व रक्तदाता दिवसको वास्तविक सन्देश र सार्थकता हो ।

## Opinion @ Social Network

भाकल पूरा नहुँदा मान्छे भगवान त
फेर्छन,जाबो म को हो र ।
*(सानि आलेको फेसबुक स्टाटसबाट www.facebook.com/Soni.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# पर्यटन सबैको अधिकार, व्यवस्थापन हाम्रो जिम्मेवारी



दीपकराज जोशी

> *नेपालको चुनौती पर्यटक छान्ने होइन, सबै प्रकारका पर्यटकलाई व्यवस्थित गर्ने हो । पर्यटन सबैको अधिकार हो, तर त्यसलाई सभ्य, स्वच्छ, सुरक्षित र दिगो बनाउने जिम्मेवारी हामी सबैको हो ।*

पछिल्लो समय केही भारतीय धार्मिक पर्यटकले सडक छेउमा खाना पकाउने, नदीताल किनारमा लुगा धुने वा कतिपय स्थानमा अव्यवस्थित बसोबास गरेको विषयमा चर्चा र आलोचना भइरहेका छन् । केही अवस्थामा यस्ता गतिविधिले गन्तव्यको सौन्दर्य, वातावरण र स्थानीय जनजीवनमा असर पार्न सक्छन् । तर, यसलाई कुनै पनि देश, समुदाय वा वर्गका पर्यटकको आलोचनाको विषय बनाइनु हुँदैन । यहाँ पर्यटक समस्या होइनन्, अव्यवस्थित पर्यटन समस्या हो । कम बजेटमा यात्रा गर्ने, धार्मिक आस्थाले प्रेरित भएर आउने वा सामान्य सुविधामा यात्रा गर्ने यात्रुहरूलाई पनि यात्रा गर्ने अधिकार छ । कुनै पनि देशमा आउने यात्रुहरूलाई उनीहरूको आर्थिक हैसियत, राष्ट्रियता, धर्म, भाषा वा यात्रा गर्ने शैलीका आधारमा वर्गीकृत गरेर हेर्नु र हेप्नु पर्यटनको मूल मर्म होइन । अहिले सामाजिक सञ्जालमा भाइरल भइरहेका तस्वीरका आधारमा (केही कृत्रिम बौद्धिकता अर्थात् एआई निर्मित तस्वीरहरू) विभिन्न प्रश्न उठिरहेका छन्, जसले गन्तव्य र पर्यटकबीच द्वन्द्व सिर्जना गर्ने र स्रोत बजारमा नेपालबारे गलत भ्रम सिर्जना हुने जोखिम छ । तर, वास्तविक प्रश्न हाम्रो पर्यटन व्यवस्थापन प्रणालीको तयारी र क्षमतामाथि उठ्नुपर्ने छ । विश्वभरि धार्मिक पर्यटन तीव्र रूपमा विस्तार भइरहेको छ । सन् २०२५ को तथ्यांक अनुसार कुल पर्यटक आगमन ११ लाख ५८ हजार ४ सय ५९ मध्ये १४.४ प्रतिशत धार्मिक पर्यटक आगमन देखिन्छ । उनीहरूले नेपालका पशुपतिनाथ, जनकपुर, मुक्तिनाथ, लुम्बिनी, मनकामना, हलेसी तथा अन्य विभिन्न धार्मिक गन्तव्य भ्रमण गरेका छन् । त्यसमा पनि भारतीय पर्यटक उल्लेख्य छ । धार्मिक पर्यटन सफलतासँग पूर्वाधार, सरसफाइ, आवास, सार्वजनिक शौचालय, फोहोर व्यवस्थापन तथा आगन्तुक व्यवस्थापन प्रणाली प्रत्यक्ष जोडिएका हुन्छन् । भारत तथा नेपालका धेरै धार्मिक गन्तव्यमा कम बजेटका तीर्थयात्रीको ठूलो उपस्थिति देखिन्छ । उनीहरूको यात्रा शैली सामान्य पर्यटकभन्दा फरक हुन सक्छ । कतिपयले आफैं खाना पकाउँछन्, समूहमा यात्रा गर्छन् र न्यूनतम खर्चमा तीर्थयात्रा पूरा गर्न चाहन्छन् । यो उनीहरूको सांस्कृतिक अभ्यास र धार्मिक आस्थासँग सम्बन्धित विषय पनि हो । त्यसैले उनीहरूको उपस्थितिलाई समस्या मान्नुभन्दा पनि त्यस्ता यात्रुका लागि व्यवस्थित विश्रामस्थल, सामूहिक भान्सा, पार्किङ क्षेत्र, सरसफाइ सुविधा र फोहोर व्यवस्थापन प्रणाली निर्माण गर्नु राज्य, स्थानीय तह र पर्यटन क्षेत्रको जिम्मेवारी हो । सर्वप्रथम यसका लागि आवाज उठाऔं, व्यवस्थापन गरौं । विशेषगरी नेपालका लागि भारत सबैभन्दा महत्त्वपूर्ण पर्यटन बजारमध्ये एक हो । सन् २०२५ मा हवाईमार्ग मार्फत नेपाल आगमन भएका पर्यटकको २५.२४ प्रतिशत भारतीय पर्यटक छन् । त्यसैगरी २०२६ जनवरीदेखि मेसम्म पाँच महिनाको तथ्यांक हेर्दा पनि कुल ५ लाख २९ हजार ९० मध्ये १ लाख ३७ हजार ७५ भारतीय पर्यटक छन् । यसबाहेक विश्वमै उदाहरणीय बनेको नेपाल-भारत खुला सीमानाको सुविधा प्रयोग गर्दै ठूलो संख्यामा सडक मार्गमार्फत पनि भारतीय पर्यटकको आगमन उल्लेख्य पाइन्छ । भारतबाट आउने धेरै पर्यटक धार्मिक यात्राका लागिमात्र होइन, किनमेल, होटल, यातायात, खानपान र अन्य क्षेत्रमा पनि महत्त्वपूर्ण खर्च गर्ने यात्रु हुन् । त्यसैले केही घटनालाई सामान्यीकरण गरेर प्रस्तुत गर्दा त्यसले भारतका सम्भावित यात्रुहरूमा नेपाल सुरक्षित र स्वागतयोग्य गन्तव्य नभएको सन्देश प्रवाह हुँदा नेपालको पर्यटन क्षेत्रले बेहोर्ने क्षति ठूलो हुन सक्छ । तीर्थयात्रीको संख्या बढेसँगै भारत लगायत मुलुकका धार्मिक केन्द्रहरूमा पूर्वाधार विस्तार, भीड व्यवस्थापन, सरसफाइ र सार्वजनिक सेवामा ठूलो लगानी गरिएको छ । त्यस्तै अत्यधिक पर्यटक चापले वातावरणीय असर पार्न थालेपछि धेरै गन्तव्यले व्यवस्थापन सुधारलाई प्राथमिकता दिएका छन् । पर्यटन खुला समाजको प्रतीक हो । यहाँ धनी र गरिब, विदेशी र स्वदेशी, साहसिक पर्यटक र तीर्थयात्री सबैको समान स्थान हुन्छ । नेपालको चुनौती पर्यटक छान्ने होइन, सबै प्रकारका पर्यटकलाई व्यवस्थित गर्ने हो । पर्यटन सबैको अधिकार हो, तर त्यसलाई सभ्य, स्वच्छ, सुरक्षित र दिगो बनाउने जिम्मेवारी हामी सबैको हो । नेपालले पनि पर्यटक भ्रमणलाई कसरी व्यवस्थित, सुरक्षित र सम्मानजनक अनुभव प्रदान गर्ने भन्ने दिशामा ध्यान केन्द्रित गर्नुपर्छ । यदि कुनै पर्यटक सडक किनारमा खाना पकाउन बाध्य छन् भने त्यसको अर्थ त्यहाँ आवश्यक सुविधा पुगेका छैनन् कि भन्ने पनि हो । यदि नदी किनारमा कपडा धुने अवस्था छ भने त्यसले सार्वजनिक पूर्वाधार अभावलाई संकेत गर्छ कि ? दोष व्यक्तिमा मात्र खोजेर समस्या समाधान हुँदैन, समाधान व्यवस्थापन, योजना र पूर्वाधार विकासका माध्यमबाट गरिनुपर्छ । त्यसमा पनि धार्मिक यात्राको एउटा विशेष पक्ष के हो भने धेरै तीर्थयात्री सहजता र विलासिताभन्दा आस्था र अनुभवलाई प्राथमिकता दिन्छन् । कठिन यात्रालाई पनि आफ्नो आस्थाको प्रतीकका रूपमा वर्णन गर्ने प्रचलन नभएको पनि होइन । त्यसैले उनीहरूको जीवनशैली र यात्राको प्रकृति बुझ्दै आवश्यक व्यवस्थापन गर्नु नै दीर्घकालीन समाधान हो । यसका लागि प्रमुख धार्मिक गन्तव्यमा यस्ता केही व्यावहारिक कदम चाल्न लिन सकिन्छ : धर्मशाला र आधारभूत सुविधा सहित विश्राम केन्द्र निर्माण गर्ने स्थानीय तह, मन्दिर व्यवस्थापन समिति र निजी क्षेत्रले सस्तो बसाइ, शौचालय, खानेपानी, फोहोर व्यवस्थापन र खाना पकाउने निश्चित स्थानसहित सुविधा विस्तार र विकास गर्न सक्छन् । त्यस्तै पार्किङ, विश्राम र खाना पकाउने क्षेत्र तोक्नुपर्छ । सडक, नदी किनार वा सार्वजनिक स्थानमा हुने अव्यवस्थित गतिविधि रोक्न यात्रुका लागि निश्चित स्थान तयार गर्न र तोकिएको ठाउँमा मात्र बसाउने गर्न सकिन्छ ।

**प्रवेश नाकामै आचारसंहिता उपलब्ध गराउने**

नेपाल प्रवेश गर्दा अंग्रेजी र हिन्दी भाषामा यात्री आचारसंहिता दिने, जसमा वातावरण संरक्षण, सार्वजनिक स्थानको सम्मान, सरसफाइ र स्थानीय संस्कृतिको सम्मानजस्ता विषय समेट्न सकिन्छ (तल सुझाए जस्तै) र लक्षित वर्गमा यसको प्रचार गर्ने ।

**शाकाहारी भोजनको राम्रो विकल्प विकास गर्ने**

धार्मिक पर्यटकको ठूलो हिस्सा शाकाहारी भोजन रुचाउने भएकाले नेपाली उद्यमीहरूले विशेषगरी तीर्थ तथा पर्यटकीय क्षेत्रहरूमा स्वच्छ, गुणस्तरीय र सस्तो शुद्ध शाकाहारी रेस्टुरेन्ट विस्तार गर्न सक्छन् । यसले यात्रुलाई सुविधा दिनुका साथै नयाँ व्यावसायिक अवसर पनि सिर्जना गर्छ ।

**स्थानीय समुदायलाई सहजीकरणमा जोड्ने**

नेपाल अतिथि सत्कारको उत्कृष्ट गन्तव्य हो । समस्या देखिए आलोचना वा असहज बनाउनेभन्दा सूचना दिने, सहयोग गर्ने र सही दिशामा लैजाने संस्कार विकास गर्नुपर्छ । पर्यटनमा आतिथ्य प्रदान गर्ने मुलुक वा गन्तव्य व्यवस्थापक जिम्मेवार बन्नुको विकल्प छैन भने पर्यटकहरू पनि फोहोर नगर्ने, सार्वजनिक स्थानको सम्मान गर्ने र स्थानीय नियम पालना गर्ने कुरामा उत्तिकै जिम्मेवार हुन जरुरी छ । गन्तव्यको जिम्मेवारी भनेको विभिन्न प्रकारका यात्रुको आवश्यकता बुझेर पूर्वाधार तयार गर्नु पनि हो । हामीले आलोचना भन्दा समाधान खोज्नुपर्छ । किनकि, पर्यटन केवल आगन्तुकको व्यवहारले होइन, स्वागत गर्ने गन्तव्यको तयारी र दृष्टिकोणले पनि परिभाषित हुन्छ । सतहमार्ग (सडकमार्ग) बाट आउने भारतीय पर्यटक तथा तीर्थयात्रीका लागि निम्नानुसारको आचारसंहिता अंग्रेजी र हिन्दी भाषामा बनाएर सीमा प्रवेशको अनुमति लिने समयमा उपलब्ध गराउने व्यवस्था गर्दा यस्ता समस्या धेरै हदसम्म समाधान हुन सक्छन् :

'नेपालमा तपाईंको यात्रा सुरक्षित, स्वच्छ र स्मरणीय बनाऔं'

१. नेपालका पर्यटकीय गन्तव्य स्वच्छ र सफा राख्न सहयोग गर्नुहोस्
फोहोर तथा प्लास्टिकजन्य सामग्री तोकिएको स्थानमा मात्र फाल्नुहोस् । सार्वजनिक स्थलको सरसफाइमा योगदान गर्नुहोस् ।

२. धार्मिक तथा सार्वजनिक स्थलहरूको मर्यादा कायम राख्नुहोस्
बाटोका वा बास बस्ने स्थानका खुला स्थानमा नुहाउने, कपडा धुने, खाना पकाउने वा भाँडा माझ्ने कार्य नगर्नुहोस् । यस्ता कार्यका लागि तोकिएका स्थानहरू प्रयोग गर्नुहोस् ।

३. सुरक्षित यात्रा गर्नुहोस्
ट्राफिक नियमहरूको पालना गर्नुहोस् । सवारीसाधन तोकिएको पार्किङ स्थल वा अनुमति प्राप्त स्थानमा मात्र पार्क गर्नुहोस् । ३ हजार मिटरभन्दा माथिको उचाइमा जाँदा थप सतर्कता अपनाउनुहोस् । उच्च हिमाली क्षेत्रमा 'हाई अल्टिच्युड सिकनेस' (लेक लाग्ने समस्या) हुन सक्छ । एकैदिन उच्च स्थानमा नपुग्नुहोस्, यात्रामा विश्राम पनि आवश्यक हुन्छ ।

४.आपतकालीन अवस्थामा सहयोग लिनुहोस्
कुनै समस्या वा आपतकाल परे पर्यटक प्रहरी वा स्थानीय प्रशासनसँग सम्पर्क गर्नुहोस् ।

५.स्थानीय उत्पादन र सेवा प्रयोग गर्नुहोस्
स्थानीय खाना, संस्कृति, हस्तकला र सेवाहरूको अनुभव लिनुहोस् । यसले स्थानीय अर्थतन्त्रलाई सहयोग पुर्‍याउँछ ।

६.नेपालका अन्य गन्तव्य पनि अनुभव गर्नुहोस्
तीर्थस्थल र प्रमुख स्थानसँगै नजिकका प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक गन्तव्य भ्रमण गरी नेपालको विविधता महसुस गर्नुहोस् ।

७. वातावरण, स्थानीय संस्कृति र परम्परा सम्मान गर्नुहोस्
नेपालको विविध संस्कृति, धार्मिक आस्था र सामाजिक मूल्यमान्यता सम्मान गर्नुहोस् । वातावरण संरक्षणमा तपाईंको योगदान बढाउनुहोस् । नेपाल तपाईंलाई हार्दिक स्वागत गर्दछ । तपाईंको यात्रा सुरक्षित, सुखद र अविष्मरणीय रहोस् । यस्तो व्यवस्थापनबाट हाम्रो पर्यटन थप राम्रो बनाउन सकिन्छ । भारतबाट आउने हरेक यात्रु केवल पर्यटक होइनन्, उनीहरू नेपालको संस्कृति, अर्थतन्त्र र जनस्तरसँग जोडिने सम्बन्धका दूत पनि हुन् । सकारात्मक पहल सहितको सक्रियताले पर्यटन दीर्घकालमा पनि थप परिणाममुखी हुनेछ ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२१११९
गुल्मी ०७९-५२०११९
परासी ०७८-५२०११९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : कुनै सानो कुरालाई लिएर मन चञ्चल बन्न सक्छ । मनमा हल्कापन आउनेछ।
**वृष** : ध्यान दिनुपर्ने अवस्था आउनेछ। मनपर्ने व्यक्तिसँगको भेटघाटले हुनेछ ।
**मिथुन** : अरूको मन जित्न सकिनेछ। नयाँ अनुहारले दिनमा ताजापन थप्नेछ।
**कर्कट** : खोजेको कुरा भेटिँदा आत्मसन्तुष्टि बढ्नेछ र कामप्रति रुचिबढ्नेछ ।
**सिंह** : वरिपरिको अवस्थालाई ध्यानपूर्वक नियाल्दा फाइदाजनक पक्ष देख्न सकिनेछ।
**कन्या** : साना काम पूरा गर्नेदिन छ। व्यवस्थित रूपमा अघि बढ्दा समयको बचत हुनेछ ।
**तुला** : तत्काल कार्यान्वयन नगरे पनि त्यसले भविष्यमा राम्रो दिशा दिन सक्छ।
**वृश्चिक** : आफन्तसँग बसेर गरिएका कुराकानीले धेरै विषय स्पष्ट पार्नेछन्।
**धनु** : नयाँ व्यक्तिप्रति आकर्षण बढ्नेछ। मनमा उमंग र जाँगर दुवै कायम रहनेछन्।
**मकर** : व्यक्तिसँग समझदारी बढ्नेछ। सम्बन्धमा विश्वास बलियो बन्नेछ।
**कुम्भ** : सन्तुलित सोचले दिनलाई सहज बनाउनेछ। तपाईंलाई व्यस्त राख्न सक्छ।
**मीन** : समयले नयाँ ऊर्जा दिनेछ र आगामी दिनका लागि स्पष्ट सोच विकास हुनेछ।

# कृषि

## चैते धान र वर्षे धानको मूल्य तय, निर्देशिका पनि जारी



कृषि, वन तथा पर्यावरण मन्त्रालयले प्रमुख खाद्यान्न बालीहरूको न्यूनतम समर्थन मूल्य (एमएसपी) तथा खरिद मूल्य निर्धारण सम्बन्धी कार्यमा प्रगति हासिल गरेको छ । सरकारको शासकीय सुधारका १०० बुँदाहरूको बुँदा ९० को 'क' मा उल्लेखित प्रमुख खाद्यान्न बालीहरूको एमएसपी सम्बन्धी कार्य सम्पन्न भएको हो । मन्त्री गीता चौधरीले 'न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारण सम्बन्धी निर्देशिका, २०८२' जारी गरी सकेकी छन् । सोको आधारमा खाद्यान्न बालीको एमएसपीमा उल्लेखनीय प्रगति हासिल गरेको छ । उक्त निर्देशिका २०८३ वैशाख १६ गते मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत भई कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा दर्ता गरिएको तथा मन्त्रालयको वेबसाइटमार्फत सार्वजनिक गरिएको छ । मन्त्री चौधरीले निर्देशिकाअनुसार बाली लगाउनुअघि नै एमएसपी हुने भएकाले किसानले आफूअनुकूल बाली छनोट गर्न सक्ने बताइन् । यसले किसानलाई आफ्नो लागत, सम्भावित आम्दानी तथा बजारको अवस्थाअनुसार बाली लगाउने, नलगाउने वा वैकल्पिक खेती रोज्ने निर्णय गर्न सहज हुने उहाँको भनाइ छ । 'किसानले पाउने मूल्य पहिले नै निर्धारण भएपछि सोही आधारमा उक्त बाली लगाउने वा अन्य विकल्प खोज्ने विषयमा निर्णय गर्न सक्नुहुन्छ,' उनले भनिन् । आर्थिक वर्ष २०८२/८३ लागि गहुँ र चैते धानको एमएसपी मन्त्रिपरिषदबाट स्वीकृत भइसकेको छ । त्यसैगरी, आर्थिक वर्ष २०८३/८४ का लागि वर्षे धानको न्यूनतम समर्थन मूल्य पनि २०८३ जेठ ११ गते बसेको मन्त्रिपरिषद् बैठकले निर्धारण गरेको छ । निर्णयअनुसार मोटा धानको मूल्य प्रतिक्विन्टल ३ हजार ६६० रुपैयाँ र मध्यम धानको मूल्य प्रतिक्विन्टल ३ हजार ८६० रुपैयाँ कायम गरिएको छ । यता, यस्तै आउँदो आर्थिक वर्षका लागि वर्षे मकैको एमएसपी निर्धारणको प्रक्रिया अगाडि मन्त्रालयले बढाइएको छ । यसअघि वर्षे मकैको एमएसपी तोक्ने व्यवस्था नभएको उल्लेख गर्दै मन्त्रालयले आगामी फागुन मसान्तभित्र मूल्य निर्धारण गर्ने गरी प्रस्ताव मन्त्रिपरिषदमा पेस गर्ने तयारी गरेको छ । उखुको हकमा भने आर्थिक वर्ष २०८२/८३ का लागि न्यूनतम खरिद मूल्य मन्त्रिपरिषद्को २०८२ मङ्सिर २२ गतेको निर्णयबाट निर्धारण भइसकेको छ । आगामी आर्थिक वर्ष २०८३/८४ का लागि उखुको न्यूनतम खरिद मूल्य सम्बन्धी प्रस्ताव २०८३ कार्तिक मसान्तभित्र मन्त्रिपरिषदमा पेस गरिने छ । सरकारको शासकीय सुधारका १०० बुँदाहरूको बुँदा ९० को 'क' मा उल्लेखित प्रमुख खाद्यान्न बालीहरूको एमएसपी सम्बन्धी कार्य सम्पन्न भएको हो ।

*-रातोपाटी डटकम*

## एउटै बस्तीबाट दैनिक आठ सय लिटर दूध उत्पादन



पर्वतको जलजला गाउँपालिका-८ को फर्से बस्तीबाट दैनिक ८०० लिटरभन्दा बढी दूध उत्पादन हुने गरेको छ । कालीगण्डकी करिडोरको मालढुङ्गा-बेनी खण्डमा पर्ने फर्से बस्तीबाट दैनिक करिब ८१२ लिटर दूध निर्यात हुँदै आएको हो । यहाँका ३६ वटा व्यावसायिक पशुपालन फार्मबाट उक्तमात्रामा दूध उत्पादन हुने गरेको छ । स्थानीय सङ्गम दुग्ध उत्पादक तथा कृषि सहकारी संस्थामा आबद्ध कृषकले व्यावसायिक रूपमा दूध उत्पादन गर्दै आएका छन् । बजारको समस्या नभएपछि यहाँका किसान व्यावसायिक पशुपालनमा लागेका हुन् । प्रत्येक किसानले न्यूनतम पाँचदेखि ३० वटासम्म गाईभैँसीपालन गरेका छन् । दैनिक ५० देखि १०० लिटरसम्म दूध उत्पादन गर्ने किसानले बस्तीमा रहेको सङ्गम दुग्ध उत्पादक सहकारी संस्थाको सङ्कलन केन्द्रमा बिक्री गर्दै आएका छन् । यहाँ सङ्कलित दूध छिमेकी जिल्ला बागलुङमा रहेको दुग्ध सहकारी संस्थाले खरिद गर्दै आएको छ । उक्त संस्थाले प्रतिलिटर रु ९० देखि गुणस्तरका आधारमा रु १२५ सम्मका दरले किसानबाट दूध लिने गरेको सङ्गम दुग्ध उत्पादक तथा कृषि सहकारी संस्थाका अध्यक्ष त्रिलोचन सापकोटाले जानकारी दिए । उनका अनुसार दूध बिक्रीबाट वार्षिक रु तीन करोडभन्दा बढी आम्दानी हुने गरेको छ । सहकारीमा दूध सङ्कलन गर्ने किसानलाई भेटेरीनरी अस्पताल तथा पशु सेवा कार्यालयले प्रतिलिटर रु पाँचका दरले ढुवानी अनुदानसमेत दिँदै आएको छ । ढुवानी अनुदान पाएपछि किसानलाई सहज भएको अध्यक्ष सापकोटाले बताए । उनका अनुसार दूध उत्पादक किसानलाई सहकारीले बैंक खातामा रकम भुक्तानी दिने गरेको छ । दुधालु गाईभैँसीको बिमासमेत गरिएकाले किसानको पशुधन सुरक्षित भएका सहकारीका सचिव हरेमबहादुर खत्रीले बताए । बजारको समस्या नभएकाले र पर्याप्त मूल्य पाउने भएकाले यहाँ पशुपालन गर्नेको आकर्षण बढ्दै गएको उनको भनाइ छ । स्थानीय किसान राजन सापकोटाले आफूले लामो समयदेखि व्यावसायिक तरकारीखेती गर्दै आएकामा पछिल्लो समय गाईपालनतर्फ लागेको बताए । तरकारीभन्दा गाईपालनमा कम परिश्रम र बढी मुनाफा हुने भएकाले तरकारीखेतीको विकल्प रोजेको उनको भनाइ छ । उनले मासिक रु एक लाख ५० हजारसम्म आम्दानी हुने गरेको जानकारी दिए । विगत १३ वर्षदेखि व्यावसायिक गाईपालनमा लागेका नारायण जिसीले विदेशमा भन्दा आफ्नै माटोमा प्रशस्त आम्दानी हुने देखेपछि वैदेशिक रोजगारी छोडेको बताए । उनका अनुसार दैनिक ८० लिटर दूध उत्पादन हुन्छ । पशुपालन छाडेर आठ वर्ष खाडीमुलुक साउदी अरब बस्नुभएका जिसीले फेरि फर्केर यही पेसालाई निरन्तरता दिएका हुन् । उनले वार्षिक रूपमा रु २५ देखि ३० लाखसम्म आम्दानी हुने गरेको जानकारी दिए । रु १५ लाख लगानी गरेर व्यवसाय थालेको जिसीले व्यवसायलाई अझै बढाउने योजना बताए । यहाँ आएर पशुपालन गर्ने हो भने कोही पनि युवायुवती विदेश जानु नपर्ने स्थानीय किसान बताउँछन् । गाईपालनसँगै व्यावसायिक तरकारीखेतीमार्फत प्रशस्त आम्दानी गर्न सकिने यहाँका किसानको अनुभव छ । जिल्लास्थित भेटेरीनरी अस्पताल तथा पशुसेवा कार्यालयका प्रमुख सुरेशकुमार श्रेष्ठले किसानलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रतिलिटर दूध ढुवानीमा रु पाँचका दरले अनुदान दिँदै आइएको बताए । यसबाहेक चालु आर्थिक वर्षमा बृहत्तर पशु विकास कार्यक्रममार्फत रु आठ लाख कार्यालयले सहयोग गरेको छ । उक्त सहयोगले किसानले भकारो सुधार, गाईभैँसीलाई बस्ने म्याट खरिद, दूध सङ्कलनका लागि क्यानलगायत सामग्री खरिद गरेका छन् । जिल्लालाई दूध उत्पादनमा आत्मनिर्भर बनाउनका लागि कार्यालयले कृषक, पशुपालन गर्ने सहकारी र दुग्ध डेरीलाई विभिन्न प्राविधिक सहयोगका साथै अनुदानसमेत दिँदै आएको श्रेष्ठले बताए ।

*-रासस*

## कृषि क्षेत्रमा बजेट बढ्दो, उत्पादन घट्दो




पछिल्ला एक दशकमा कृषि क्षेत्रमा लगानी र उत्पादनबीचको अन्तर बढेको छ । बजेट बढ्दै गएपनि उत्पादन तथा उर्वर जमिन भने घट्दै गएको छ । आर्थिक वर्ष २०७०/७१ देखि २०८०/८१ सम्म मुख्य खाद्यान्नबालीको उत्पादनमा उतारचढाव देखिएको हो । केही बालीको उत्पादन वृद्धि भए पनि परम्परागत बाली सङ्कटउन्मुख देखिएका छन् । नेपालीको मुख्य खाद्यान्नबाली धान, मकै, गहुँ, कोदो र फापर हो । सरकारले प्रतिवर्ष कृषि क्षेत्रमा १० दशमलव सात प्रतिशतले बजेट बढाउँदै लगेको छ । आव २०७०/७१ मा २१ अर्ब ४० करोड र २०८१/८२ मा ५९ अर्ब रुपैयाँ विनियोजन गरेको थियो । साविक कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सार्वजनिक गरेको 'नेपालको कृषिसम्बन्धी तथ्याङ्क जानकारी' पुस्तकमा उल्लेख भएअनुसार आव २०७०/७१ मा धान ५० लाख ४७ हजार ४७, मकै २२ लाख ८३ हजार २२२ गहुँ, १८ लाख ८३ हजार १४७, कोदो तीन लाख चार हजार १०५ र फापर एक लाख ३३५ मेट्रिकटन उत्पादन भएको थियो। पछिल्ला वर्षमा गहुँबाहेक धान, चामल, भारत, कोदो, फापर चीन, अर्जेन्टिना, मलेसियालगायत मुलुकबाट आयात भएको भन्सार विभागको तथ्याङ्कमा उल्लेख छ । आव २०८१/८२ मा धान र चामल गरी सात लाख ५३ हजार ३०५ मेट्रिकटन, मकै दुई लाख ९९ हजार ९८९ मेट्रिकटन, कोदो आठ हजार ४४३ मेट्रिकटन र फापर ६९८ मेट्रिकटन आयात भएको छ । आव २०८१/८२ मा धान चामल खरिदमा ४० अर्ब १८ करोड, मकै १९ अर्ब २७ करोड, कोदो ४२ करोड ३० लाख र फापर खरिद गर्न पाँच करोड ३० लाख रुपैयाँ गरी सो वर्ष कुल ५९ अर्ब ९२ करोड ६० लाख रुपैयाँ बाहिरिएको छ । सोही आवमा सरकाले कृषि क्षेत्रको विकासका लागि ५७ अर्ब २९ करोड रुपैयाँ बजेट विनियोजन गरेको थियो । जुन बजेट कृषि विकासका लागि आयातमा चार दशमलव शून्य ६ प्रतिशत अर्थात् दुई अर्ब ६३ करोड ६० लाख रुपैयाँले बढी हो । तथ्याङ्कअनुसार धानको उत्पादन प्रतिवर्ष एक दशमलव ०३४ प्रतिशतले र जनसङ्ख्या वृद्धिदर भने प्रतिवर्ष शून्य दशमलव ९२ प्रतिशतले वृद्धि भइरहेको केन्द्रीय तथ्याङ्क विभागले जनाएको छ । २०७८ सालको जनगणना अनुसार नेपालको जनसद्ग्या दुई करोड ९१ लाख ६४ हजार ५७८ रहेको छ । कृषि वन तथा पर्यावरण मन्त्रालय, कृषि विभागका वरिष्ठ कृषि अर्थ विज्ञ तिलकराज चौलागाईका अनुसार तीन करोड जनसङ्ख्यालाई धान्न करिब ७० लाख मेट्रिकटन धानको आवश्यकता रहेको बताउनुहुन्छ । सो जनसङ्ख्यालाई धान्न १३ लाख मेट्रिकटन धानको उत्पादन वृद्धि गर्नुपर्नेछ । आव २०८१/८२ मा ३१ लाख ९३ हजार ८६९ मेट्रिकटन मकै उत्पादन भएको छ । दश वर्षमा नौ लाख १० हजार ६४७ मेट्रिकटन उत्पादन बढेको छ । जुन प्रतिवर्ष तीन दशमलव नौ आठ प्रतिशतले वृद्धि हो । गहुँको उत्पादन आठ प्रतिशतले वृद्धि भई २० लाख ३५ हजार ५५९ मेट्रिकटन पुगेको छ । जुन प्रतिवर्ष शून्य आठ प्रतिशतले वृद्धि हो । कोदो र फापरको उत्पादन १० वर्षमा निकै खस्किएको छ । आव २०७०/७१ मा कोदो तीन लाख चार हजार १०५ मेट्रिकटन थियो भने २०८०/८१ मा २४ हजार ९३१ मेट्रिकटन छ । प्रतिवर्ष कोदोको उत्पादन २२ दशमलव एक प्रतिशतले घटेको छ । त्यसैगरी फापर २०७०/७१ मा एक लाख ३३५ मेट्रिकटन थियो भने आव २०८०/८१ मा १४ हजार ५१६ मेट्रिकटन मात्र भयो । फापरको उत्पादन प्रतिवर्ष १७ दशमलव छ प्रतिशतले घटेको छ । दशवर्षमा सरकारले कृषि क्षेत्रको बजेट १० दशमलव सात प्रतिशतले बढाउँदै लगेको छ भने उत्पादन धानको प्रतिवर्ष एक दशमलव शून्य ३४ मकैको तीन दशमलव ९८, गहुँको ०८ प्रतिशतले वृद्धि भएको छ भने कोदोको प्रतिवर्ष २२ दशमलव एक र फापरको १७ दशमलव छ प्रतिशतले गिरावट आएको छ । अर्कातर्फ खेतीयोग्य जमिन पनि घट्दै गएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार २०६८ सालको कृषि गणनामा २५ लाख २५ हजार ६३९ हेक्टर र त्यसको १० वर्षपछि अर्थात् २०७८ सालको कृषि गणनामा आइपुग्दा झण्डै तीन लाख हेक्टर जमिन घट्न गई २२ लाख १८ हजार ४१० हेक्टर जमिन खेतीयोग्यमा खुम्चिएको उल्लेख छ । नेपालमा प्रत्येक १०/१० वर्षमा कृषि गणना गरिँदै आएको छ । कृषि गणनाको सुरुआत विसं २०१८ देखि प्रारम्भ गरिएको हो ।

*-रासस*

## तीन दशकदेखि पानी घट्टमै जीवन धान्दै श्रेष्ठ



बडिगाड गाउँपालिका-९ दर्लिङका तेजनारायण श्रेष्ठले पानी घट्ट चलाउन थालेको तीस वर्ष भयो । पानी घट्टमा अन्न पिस्दै तीन दशकअघि सुरु गरेको व्यवसाय अहिले पनि उस्तै छ । गाउँलाई प्रविधि र आधुनिकताले छोए पनि श्रेष्ठको पानी घट्टको काम पनि उसैगरी चलेको छ । कुटानी-पिसानी मिलले समेत प्रतिस्थापन गर्न नसकेको घट्ट ग्रामीण क्षेत्रका लागि अन्न पिस्नका लागि सहज माध्यम बनेको छ । दैनिक जीवनयापनका लागि परम्परागत पानी घट्ट सञ्चालन गरिरहेका श्रेष्ठ पानी घट्टलाई मुख्य पेसा बनाएको बताए । श्रेष्ठले घट्टमा अन्न पिसेबापत अन्न भए एक पाथी बराबर पाँच मुठी र पैसा भए एक पाथी पिसेको रु दश लिँदै आएका छन् । "तीस वर्षअघि आफैँले स्थापना गरेको पानीघट्ट अझै चलाउँदै छु, घर खर्च र आफूलाई पुग्ने अन्न घट्टबाटै आउँछ, पहिला खरले छाएको थियो, अहिले जस्ताले छाएको छु, मकैका लागि छुट्टै र गहुँ र कोदोका लागि छुट्टै घट्ट छ", श्रेष्ठले भने । उमेर ढल्किँदै गए पनि परम्परागत पेसालाई निरन्तरता दिइरहेको श्रेष्ठको भनाइ छ । आधुनिक प्रविधिको प्रयोग बढ्दै गएको वर्तमान समयमा पनि ग्रामीण भेगमा अझै पानी घट्ट जस्ता पुराना प्रविधिहरू जीवनयापनको आधार बनेको पाइन्छ । पानीलाई पाइप वा काठको ढुङ्गोबाट खसालेर पानीको गतिले घट्टको जाँतो घुमाएर अन्न पिस्ने कार्यलाई पानी घट्टका रुपमा लिइने गरेको छ ।

*-रासस*

# आज विश्व रक्तदाता दिवस मनाइँदै




**पाल्पा,** जेठ ३०/ आज विश्व रक्तदाता दिवस नेपालमा पनि विभिन्न सचेतनामूलक कार्यक्रम गरी मनाइँदैछ । हरेक वर्षको जुन १४ का दिन विश्वभरका देशले विश्व रक्तदाता दिवस मनाउने गर्छन् । यस दिवसमा सुरक्षित रगत र रगत उत्पादनको आवश्यकताबारेमा सचेतना जगाउन र रक्तदान गर्न प्रेरित गर्दै आइएको छ । रक्तदातालाई धन्यावाद दिने दिनका रूपमा पनि मनाउने गरिन्छ ।

दिवसलाई नयाँ रक्तदाताका रुपमा युवाहरुलाई उत्प्रेरित गर्ने र नियमित रक्तदाताहरुलाई सम्मान गर्ने अवसरको रुपमा समेत लिने गरिएको छ । रगत शरिरमा रहेको रातो तरल पदार्थ हो । यो प्लाज्मा र रक्त कोषहरुको समिश्रणबाट बनेको हुन्छ । यसले शरीरका कोषहरुमा ग्लुकोज, एमिनो एसिड लगायतका पोषक तत्वहरुसँगै अक्सिजन लगायतका आवश्यक पदार्थहरु पुऱ्याउने काम गर्दछ । यसले कार्वन डाइक्साइड, यूरिया, ल्याक्टिक एसिड जस्ता काम नलाग्ने तत्वहरुलाई बाहिर निष्कासन गर्न समेत सहयोग गर्दछ । दिवसका अवसरमा देशभरका विभिन्न संघसंस्था र अस्पतालले रक्तदान सम्बन्धी जनचेतना फैलाउने, दातालाई प्रोत्साहन गर्ने र रक्तदानको कार्यक्रम आयोजना गर्दै छन् । मानव शरीरमा औसत ५ दशमलव ५ लिटर रगत रहेको हुन्छ । मानिसको कुल वजनको ७ प्रतिशत रगत हुन्छ । रगतमा प्लाज्मा ५४ दशमलव ३ प्रतिशत, रातो रक्तकोष ४५ प्रतिशत र सेतो रक्तकोष ० दशमलव ७ प्रतिशत रहेको हुन्छ । सामान्य अवस्थाको एक स्वस्थ मानिसले हरेक तीन महिनामा रक्तदान गर्दा शारिरमा कुनै हानी नोक्सान नहुने चिकित्सकहरुको भनाई छ । सामान्यतया १८ देखि ६५ बर्ष उमेरसम्मका स्वस्थ व्यक्तिको रगत बिरामीका लागि उपयोगि हुने उनीहरुको ठहर छ । रक्तदानबाट मृत्यूको मुखमा पुग्न लागेका विरामीहरुको ज्यान बचाउन मद्दत पुग्दछ । यस दिनलाई मानव रगतको समूह पत्ता लगाउने वैज्ञानिक डा कार्ल ल्याण्डस्टाइनरको जन्मदिन जुन १४ को अवसर पारेर हरेक वर्ष विश्व रक्तदाता दिवस मनाइन्छ । पहिलो विश्व रक्तदाता दिवस सन् २००४ मा मनाइएको थियो भने सन् २००५ मा ५८औं विश्व स्वास्थ्य सभाद्वारा वार्षिक विश्वव्यापी कार्यक्रमको रूपमा नामकरण गरिएको थियो ।

## पाल्पाको रैथाने...

...माथागढी गाउँपालिका कसेनीका किसान दिलबहादुर राना विगत एक दशकदेखि बजारबाट धानको बीउ खरिद गर्दै आएका छन् । उनी हरेक वर्ष करिब चार हजार रुपैयाँ बराबरको बीउ किनेर रोप्ने गरेको सुनाउन्छन् । स्थानीय तथा उन्नत जातका तुलनामा हाइब्रिड बीउले बढी उत्पादन दिने भएकाले अन्य जात प्रयोग गर्न छाडेको उनको भनाई छ । बगनासकाली गाउँपालिका नायरका किसान नवराज बस्यालको अनुभव पनि उस्तै छरु। विगत पाँच वर्षदेखि उहाँले घरमा बीउ जोगाएर राख्ने परम्परा छोडेका छन्। “स्थानीय जातको तुलनामा करिब दोब्बर उत्पादन पाइने भएकाले हाइब्रिड बीउ प्रयोग गर्न थालेको हुँ,” उनले भने । माथागढी कसेनीकै विष्णु कुँवरले सात रोपनी क्षेत्रफलमा विगत १० वर्षदेखि हाइब्रिड धान लगाउँदै आएका छन् । स्थानीय जातको धानबाट १० देखि १५ मुरीसम्म उत्पादन हुने गरेकोमा हाइब्रिड प्रयोग गरेपछि उत्पादन उल्लेख्य रूपमा बढेको उनको अनुभव छ । “पहिलेभन्दा धेरै उत्पादन हुन थालेपछि हामीले यही बीउलाई निरन्तरता दिएका छौं,” उनले भने । जिल्लाको ७ हजार ३ सय ९५ हेक्टर क्षेत्रफलमा धान खेती हुने गरेको छ । पछिल्ला दशकहरूमा पर्याप्त सिँचाइ सुविधा विस्तार हुन नसक्दा धेरै किसान अझै पनि आकासे पानीमा निर्भर छन् ।

## लुम्बिनी प्रदेश प्रहरीको...

...बरामद गरिएका सामान तथा सवारीसाधनको अनुमानित मूल्य रु २५ लाख ५९ हजार रहेको लुम्बिनी प्रदेश प्रहरी कार्यालयले जनाएको छ । यसैगरी, प्रहरीको मधुवन नगरपालिका (६ मा गरिएको प्रहरी अपरेसनमा सुपारी, सुर्ती, चुरोट, बिँडी, माउथ फ्रेसनर, प्लास्टिकलगायतका सामान बरामद गरिएको छ ।

सो अपरेसनमा संलग्न प्रहरीका अनुसार स्थानीय पदमराज चौधरी र कोपिला खत्रीको घरमा भण्डारण गरिएको अवस्थामा फेला परेका ती सामानको अनुमानित मूल्य रु १८ लाख दुई हजार ८४० रहेको छ ।बरामद गरिएका सबै सामान तथा सवारीसाधनको आवश्यक अनुसन्धान तथा छानविन गरी कानुनी कारबाही अघि बढाइने लुम्बिनी प्रदेश प्रहरी कार्यालय लुम्बिनीले जनाएको स्पष्ट गरेको छ । लुम्बिनी प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक भूपेन्द्रबहादुर खत्रीले प्रहरी अपरेसनका बारेमा जानकारी दिँदै आवश्यक रणनीतिसहित कानुनको प्रभावकारी कार्यान्वयन गरी प्रदेशको शान्ति सुव्यवस्था तथा अमनचयन कायम गर्न प्रहरी प्रशासन प्रतिबद्ध रहेको स्पष्ट गर्नुभयो । सीमा क्षेत्रबाट हुने चोरी (तस्करी नियन्त्रण, अपराध न्यूनीकरण तथा रोकथाम, नागरिकमैत्री प्रहरी सेवा प्रदान गर्ने काममा प्रतिबद्ध प्रहरी संयन्त्रलाई आवश्यक सूचना तथा जानकारी उपलब्ध गरी अभियानलाई सफल बनाउन सम्पूर्ण प्रदेशवासीसँग अनुरोध गरे । यसैबीच, प्रहरीले सञ्चालन गरेको विशेष अभियानलाई स्थानीय व्यवसायी तथा नागरिक समाजकोतर्फबाट स्वागत गरिएको छ । सिद्धार्थ उद्योग वाणिज्य सै रुपन्देहीका अध्यक्ष नेतृत्व आचार्यले डिआइजी खत्रीको नेतृत्वमा शान्ति सुरक्षा कायम गर्न, चोरी(तस्करी नियन्त्रण गर्न तथा व्यवसायमैत्री वातावरण निर्माण गर्न थालिएको विशेष अभियानबाट वास्तविक व्यवसायी खुसी भएको बताउँदै प्रहरीद्वारा सञ्चालित अभियानलाई सफल बनाउन सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । यसैगरी, नागरिक समाज, रुपन्देहीले पनि गैरकानुनी रुपमा हुने व्यवसायको न्यूनीकरण तथा नियन्त्रण गरी समाजमा सुशासन कायम गर्ने र राजस्व वृद्धिमा सहयोग पुऱ्याउने उद्देश्यले सञ्चालित अभियानमा सक्रिय प्रहरी प्रशासनलाई सहयोग गर्ने जनाएको छ । *-रासस*

खेलकुद समाचार

## अमेरिकाको विजयी शुरुआत



**काठमाडौं,** जेठ ३०/ फिफा विश्वकप फुटबलमा आयोजक अमेरिकाले विजयी शुरुआत गरेको छ । लस एन्जलस स्टेडियममा आज बिहान भएको खेलमा घरेलु टोलीले पाराग्वेलाई ४-१ गोलले हराएको हो । खेलको पहिलो हाफमै अमेरिकाले ३ गोल गऱ्यो । खेलको ७औं मिनेटमा पाराग्वेका डेमियन बोबाडिल्लाको उपहार गोलबाट अमेरिकाले अग्रता लिएको थियो । त्यसपछि ३१औं मिनेटमा फोलारिन बालोगुनले गोल थपे । पहिलो हाफको इन्जुरी समयमा फोलारिनले नै व्यक्तिगत दोस्रो गोल गर्दै अमेरिकाको अग्रतालाई तेब्बर बनाए । खेलको अन्तिम मिनेटमा अमेरिकाका जियोभन्नी रियानले गोल थपे । पाराग्वेका लागि मौरिसियोले ७३ औं मिनेटमा एक गोल फर्काए । घरेलु भूमिमा ३२ वर्षपछि विश्वकपको पहिलो खेल खेलेको अमेरिकाले विजयी शुरुआत गरेको हो । विश्वकप फुटबलमा विश्वकप फुटबलमा शनिबार बिहान भएको खेलमा सहआयोजक क्यानडाले बोस्निया एन्ड हर्जगोभिनासँग एक/एक गोलको बराबरी खेलेको छ ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत
डस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## आउँदो आर्थिक वर्षमा जलविद्युत् उत्पादन क्षमता ५ हजार ३ सय ३५ मेगावाट पुग्ने



**पाल्पा,** जेठ ३०/सरकारले आउँदो आर्थिक वर्षभित्र देशको कुल जडित विद्युत् उत्पादन क्षमता ५ हजार ३ सय ३५ मेगावाट पुऱ्याउने लक्ष्य लिएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले सार्वजनिक गरेको वार्षिक विकास कार्यक्रममा एक वर्षभित्र थप १ हजार ४० मेगावाट जलविद्युत् उत्पादन क्षमता थपिने उल्लेख छ ।

निर्माणाधीन तथा निर्माणको अन्तिम चरणमा रहेका जलविद्युत् आयोजनालाई समयमै सम्पन्न गर्न विशेष प्रयास गरिने मन्त्रालयले जनाएको छ । निजी क्षेत्रबाट निर्माण भइरहेका आयोजनालाई पनि सहजीकरण गरी निर्धारित समयमा तिनलाई पनि सम्पन्न गर्ने लक्ष्य छ । यस्तै वार्षिक कार्यक्रमअनुसार ६६ केभी प्रसारण लाइन सात हजार ४८ सर्किट किलोमिटरबाट बढाएर ७ हजार ८ सय ८ सर्किट किलोमिटर पुऱ्याउने लक्ष्य छ । यसैगरी, ३३ केभी प्रसारण लाइन ८ हजार ३ सय २५ सर्किट किलोमिटरबाट बढाएर ८ हजार ४ सय २९ सर्किट किलोमिटर पुऱ्याउने लक्ष्य छ । आउँदो आर्थिक वर्षमा प्रतिव्यक्ति विद्युत् खपत ५ सय ११ किलोवाट घण्टा पुऱ्याउने तथा विद्युत् चुहावट १२.०३ प्रतिशतमा सीमित गर्ने सरकारको लक्ष्य छ । लघु तथा साना जलविद्युत् आयोजनाबाट ४३ मेगावाट तथा सौर्य ऊर्जाबाट ९९ मेगावाट विद्युत् उत्पादन क्षमता थप गर्ने कार्यक्रम छ । आउँदो आर्थिक वर्षमा १२ वटा प्रसारण लाइन सम्पन्न गर्ने लक्ष्य छ । *-रासस*

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई